यस भगवतीमाई गाउँपालिकाका वडा नं. १ को हुलाक टाकुरा खौले मोटरबाटो अन्तर्गत कुम्रीमा पहिरो जोखिम हुँदा उक्त पहिरो माथिको घरवस्तीलाई असर पर्ने भएकोले उक्त स्थानमा ग्याविन जाली भर्नको लागि रु.१२५०००। वन, भू संरक्षण तथा जलाधार संरक्षण (तटवन्ध तथा बाँध निर्माण) शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

नेपाल सरकारको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस भगवतीमाई गाउँपालिकामा योजना छनौट गरी श्रमिक समूह मार्फत योजना कार्यान्वनका लागि रु. ३२०००००। रकम प्राप्त भएको हुँदा उक्त रकमलाई देहाय वमोजिमको शिर्षक तथा वडामा रकम बाँडफाँड गर्ने निर्णय गरियो ।

**प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत श्रमिक समूह मार्फत गरिने योजनाको लागत खर्च बाँडफाँड**

| क.सं. | विवरण | रकम रु. |
|---|---|---|
| १ | कन्टेन्जेन्सी | ३२०००.०० |
| २ | सुपरभाइजर खर्च | २२१७०.०० |
| ३ | आयोजनामा खर्च | ३१४५८३०.०० |
| वडा नं. | श्रमिकको संख्या | रकम रु. |
| १ | २० | ४३६९२०.०० |
| २ | २० | ४३६९२०.०० |
| ३ | २० | ४३६९२०.०० |
| ४ | २१ | ४५८७६५.०० |
| ५ | २१ | ४५८७६५.०० |
| ६ | २१ | ४५८७७०.०० |
| ७ | २१ | ४५८७७०.०० |
| जम्मा | १४४ | ३१४५८३०.०० |

**निर्णय नं. ५ :**

यस गाउँपालिकाको आर्थिक वर्ष २०७६।०७७ को लागि वार्षिक बजेट, नीति तथा कार्यक्रम पेश तथा पारितको लागि गाउँपालिकाको पाँचौ गाउँसभा(बर्षे अधिवेशन) बैठक २०७६ साल असाढ १० गते विहान ११:०० बजे आह्वान निर्णय गरियो ।